**गण्डकी** प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

## प्रदेश सभा सचिवालय

## गण्डकी प्रदेश, पोखरा

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक**

**प्रस्तावनाः** प्रदेश र स्थानीय तहका सरकारी निकाय तथा सार्वजनिक संस्थानहरुमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिवृद्धि सम्बन्धी प्रशिक्षण प्रदान गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

परिच्छेद – १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा, –

(क) "कार्यकारी निर्देशक" भन्नाले दफा १२ को उपदफा (२) बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ ।

(ग) "परिषद्" भन्नाले दफा ७ वमोजिमको प्रशिक्षण परिषद् सम्झनु पर्छ ।

(घ) "प्रतिष्ठान" भन्नाले दफा ३ वमोजिमको गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान सम्झनु पर्छ ।

(ङ) "समिति" भन्नाले दफा ९ वमोजिम कार्यकारी समिति सम्झनु पर्छ ।

(च) "संगठित संस्था" भन्नाले पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून वा प्रदेश कानून बमोजिम स्थापित वा नेपाल सरकार वा प्रदेश सरकारद्धारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य संगठित संस्था सम्झनु पर्छ ।

(छ) "संस्थान" भन्नाले नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्था वा त्यस्तो संस्थाको स्वामित्व वा नियन्त्रण भएको अन्य संस्था समेत सम्झनु पर्छ ।

(ज) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ।

परिच्छेद –२

**गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना, उद्देश्य र नीति**

३. **गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान स्थापना**: प्रदेश र स्थानीय तहका सरकारी निकाय र संस्थानहरुमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि गर्ने सम्बन्धी प्रशिक्षणको व्यवस्था गर्न गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको स्थापना गरिएको छ ।

४. **<u>प्रतिष्ठान संगठित संस्था हुने</u>**: (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(२) प्रतिष्ठानको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल, अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन वा अन्य कुनै किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र प्रतिष्ठान उपर पनि व्यक्ति सरह नालिस उजूर लाग्न सक्नेछ ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रतिष्ठानको आफ्नो कार्य सञ्चालन र व्यवस्थापन यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा विनियमद्वारा व्यवस्थित कार्य प्रणाली बमोजिम हुनेछ।

५. **<u>प्रतिष्ठानको उद्देश्य</u>**: प्रतिष्ठानको उद्देश्य देहाय बमोजिम हुनेछ :–

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरुको लागि आवश्यक पर्ने संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा व्यवसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने ।

(ख) प्रदेशको विकास कार्यक्रममा सघाउ पुऱ्याउन प्रदेश सरकारको प्रशासन र संस्थानको व्यवस्थापन क्षेत्रलाई सबल, सक्षम तथा प्रभावकारी वनाउन आवश्यक कार्य गर्ने।

(ग) प्रशिक्षणलाई वढी उपयोगी तुल्याउन तथा प्रशिक्षण सामग्री तयार गर्नका लागि समस्यामूलक अनुसन्धान, परामर्श सेवा तथा सूचना सेवा सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

(घ) संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा अध्ययन अनुसन्धान गर्ने।

६. <u>प्रशिक्षण सम्बन्धी नीति</u>: प्रतिष्ठानवाट संचालन गरिने प्रशिक्षण सम्वन्धी नीति देहायबमोजिम हुनेछ ।

(क) प्रशिक्षण कार्यक्रमलाई कर्मचारी प्रशासनको अभिन्न अङ्गको रुपमा आवद्ध गर्ने ।

(ख) प्रदेश सरकार, स्थानीय तह र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित र नियुक्त पदाधिकारीहरुको व्यवसायिक ज्ञान, सीप र क्षमता वृद्धि गर्ने।

(ग) प्रशिक्षण कार्यक्रमलाई प्रदेश सरकार र संस्थानको विकास कार्यक्रमसँग आवद्ध गर्ने ।

(घ) प्रशिक्षणलाई कर्मचारीको वृत्ति विकाससँग आबद्ध गर्ने।

## परिच्छेद–३

## <u>प्रशिक्षण परिषद् र कार्यकारी समितिको गठन, काम, कर्तव्य र अधिकार</u>

७. <u>प्रशिक्षण परिषद गठनः</u> (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा देहाय बमोजिमको प्रशिक्षण परिषद् रहनेछः–

| | | |
|---|---|---|
| (क) | मुख्यमन्त्री | –अध्यक्ष |
| (ख) | उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | –सदस्य |
| (ग) | अध्यक्ष, प्रदेश लोक सेवा आयोग | –सदस्य |
| (घ) | मुख्यमन्त्रीले तोकेको प्रदेश स्तरको विश्वविद्यालयको उप–कूलपति | –सदस्य |
| (ङ) | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | –सदस्य |

(च) प्रदेश सरकारका सचिवहरू –सदस्य

(छ) प्रदेश सरकारले मनोनित गरेको दुई जना महिला सहित तीन जना –सदस्य

(ज) प्रतिष्ठानका कार्यकारी निर्देशक –सदस्य–सचिव

(२) खण्ड (छ) बमोजिमका सदस्यहरु मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातकोत्तर वा सो सरहको योग्यता हासिल गरेका व्यक्तिहरु मध्येबाट प्रदेश सरकार, मन्त्रिपरिषद्ले तोकेको मापदण्डका आधारमा छनौट गरिनेछ।

(३) समितिको मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ । मनोनित सदस्यहरुलाई प्रदेश सरकार, मन्त्रिपरिषद्ले तोके वमोजिमको बैठक भत्ता उपलब्ध गराइनेछ ।

(४) परिषद्को बैठक वर्षमा कम्तीमा दुई पटक वस्नेछ ।

(५) परिषद्को गणपूरक संख्या तथा बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

८. **परिषद्को काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र लेखिएको कामको अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) प्रतिष्ठानवाट सञ्चालन गरिने प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति निर्धारण गर्ने ।

(ख) प्रतिष्ठानको नियमावली वनाउने र विनियम स्वीकृत गर्ने ।

(ग) प्रतिष्ठानको दीर्घकालीन योजना स्वीकृत गर्ने ।

(घ) प्रतिष्ठानको वार्षिक कार्यक्रमको प्रगति सम्बन्धी समीक्षा एवं मूल्यांकन गर्ने र वजेट स्वीकृत गर्ने।

(ङ) समितिलाई आवश्यक निर्देशन दिने ।

९. कार्यकारी समिति गठनः (१) प्रतिष्ठानको उद्देश्य एवं नीति अनुरुप प्रशिक्षण एवं अनुसन्धान कार्यक्रमलाई सुव्यवस्थित रुपले सञ्चालन गर्न गराउन देहाय वमोजिमका सदस्यहरु भएको कार्यकारी समिति रहनेछः

(क) प्रतिष्ठानको कार्यकारी निर्देशक –अध्यक्ष

(ख) सचिव, प्रशासन तथा बैठक महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय –सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय –सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय –सदस्य

(ङ) सचिव, प्रदेश लोक सेवा आयोग –सदस्य

(च) सचिव, प्रदेश नीति तथा योजना आयोग –सदस्य

(छ) कार्यकारी निर्देशकले तोकेको प्रतिष्ठानको उप–कार्यकारी निर्देशक –सदस्य–सचिव

(२) समितिले आवश्यक देखेमा प्रति बैठक एक जना महिला सहित तीन जनामा नबढने गरी विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिनको लागि आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको वैठक आवश्यकतानुसार बस्नेछ ।

(४) समितिको वैठकको गणपूरक संख्या तथा अन्य कार्यविधि तोकिए वमोजिम हुनेछ ।

१०. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रदेश र स्थानीय तहका सरकारी र सार्वजनिक संस्थानमा निर्वाचित, मनोनित तथा नियुक्त पदाधिकारी र कर्मचारीहरुको लागि आवश्यक पर्ने संघ, प्रदेश र स्थानीय तह सञ्चालन र व्यवस्थापन लगायतका विषयमा व्यवसायिक ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने।

(ख) प्रशासकीय समस्याहरु तथा तिनका समाधानका उपायहरु वारेमा समय समयमा सभा, गोष्ठी, सेमिनार तथा सम्मेलनको आयोजना गर्ने ।

(ग) अनुसन्धान, परामर्श सेवा एवं सूचना सेवा सम्वन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

(घ) अन्य प्रदेश, संघीय र अन्तरराष्ट्रिय स्तरका प्रशिक्षण संस्थाहरुसँग सम्पर्क राखी प्रशिक्षण सम्बन्धी कार्यलाई स्तरोन्नति तथा विस्तृतीकरण गर्ने ।

(ङ.) परिषद् मार्फत प्रदेश सरकारलाई प्रादेशिकस्तरमा प्रशिक्षण सम्वन्धी नीति तर्जुमा गर्न राय सल्लाह दिने।

(च) प्रतिष्ठानको प्रशिक्षण तथा अनुसन्धान कार्यक्रम सम्बन्धी नीति तर्जुमा गर्ने ।

(छ) परिषद् मार्फत प्रदेश सरकार र संस्थानहरुको विभिन्न क्षेत्रसँग सम्वन्धित प्रशिक्षण कार्यक्रमहरुको वीचमा समन्वय ल्याउन प्रदेश सरकारलाई आवश्यक राय सल्लाह दिने ।

(ज) प्रतिष्ठानको दीर्घकालीन योजना तर्जुमा गर्ने ।

(झ) प्रतिष्ठानको वार्षिक कार्यक्रम र बजेट तयार गर्ने ।

(ञ) प्रतिष्ठानको लागि आवश्यक कर्मचारीहरुको दरवन्दी सृजना गर्ने।

(ट) प्रशिक्षण कार्यक्रमहरुको मूल्यांकन गर्ने, गराउने ।

(ठ) प्रशिक्षणको क्षेत्रमा प्रदेश सरकार, नेपाल सरकार र अन्तरराष्ट्रिय संस्थाहरुवीच सम्पर्क माध्यमको रुपमा काम गर्ने।

(ड) प्रशिक्षणलाई कार्यक्रममूलक तथा व्यवहारिक वनाउन विभिन्न क्षेत्रका अनुभवी व्यक्तिहरुको सेवा आवधिक रुपमा आदान प्रदान गर्ने व्यवस्था मिलाउने ।

(ढ) ऐन, नियम वा विनियमको अधीनमा रही प्रशिक्षण सम्वन्धी अन्य आवश्यक कार्य गर्ने।

(२) अन्तरराष्ट्रिय स्तरका प्रशिक्षण संस्थाहरुसँग सम्पर्क राख्दा समितिले प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) प्रतिष्ठानको लागि आवश्यक कर्मचारीहरुको दरवन्दी सृजना गर्दा प्रदेश सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) प्रतिष्ठानको अचल सम्पत्ति वेचविखन गर्नु पर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद–४

## प्रतिष्ठानका कर्मचारीहरु एवं निजहरुको सेवा शर्त सम्वन्धी व्यवस्था

**११. प्रतिष्ठानका कर्मचारी सम्वन्धी व्यवस्था:** (१) प्रतिष्ठानमा आवश्यकतानुसार देहाय बमोजिमका कर्मचारी रहनेछन् ।

(क) प्रशासकीय तथा प्राविधिक

(ख) प्राध्यापक तथा अनुसन्धान

(२) प्रदेश लोक सेवा आयोगको सिफारिशमा प्रतिष्ठानका कर्मचारीहरुको पदपूर्ति गर्नु पर्नेछ।

(३) प्रदेश लोक सेवा आयोगको गठन भई पदपूर्ति नभएसम्मको लागि प्रतिष्ठानको कार्य सञ्चालन गर्न प्रदेश सरकारले आवश्यक कर्मचारी काजमा खटाउनेछ।

(४) प्रतिष्ठानका कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त एंव सुविधा तोकिए बमोजिम हुनेछ ।

**१२. <u>कार्यकारी निर्देशक सम्बन्धी व्यवस्थाः</u>** (१) प्रतिष्ठानको प्रमुखको रुपमा एकजना कार्यकारी निर्देशक रहनेछ।

(२) कार्यकारी निर्देशकको नियुक्ति तोकिएको मापदण्डको आधारमा प्रदेश सरकारबाट हुनेछ । तर कार्यकारी निर्देशकको पहिलो पटक नियुक्ति नभएसम्मका लागि प्रदेश सरकारका सचिवहरु मध्येबाट प्रदेश सरकारले तोकेको सचिवले कार्यकारी निर्देशकको रुपमा कामकाज गर्नेछ।

(३) उपदफा (२) बमोजिमको मापदण्ड बनाउँदा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर गरी कम्तीमा १० वर्षको अनुभव भएका वा विद्यावारिधि गरी कम्तिमा ५ वर्षको अनुभव भएका ३५ वर्ष उमेर नाघेका व्यक्तिहरु मध्येबाट कार्यकारी निर्देशक नियुक्ति गर्ने गरी योग्यता तोकिनेछ।

(४) निजको पदावधि पाँच वर्षको हुनेछ र अर्को एक अवधिका लागि निजलाई पुनर्नियुक्ति गर्न सकिनेछ ।

(५) निजको पदावधि समाप्त भएमा वा पदावधि समाप्त हुनु अगावै ६५ वर्ष पुगेमा निज सो पदमा बहाल रहन सक्ने छैनन्।

(६) कार्यक्षमताको अभाव भएमा, खराब आचरण गरेमा, इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेमा वा बदनियतपूर्वक काम कारवाही गरेमा प्रदेश सरकारद्धारा गठित छानबीन समितिको सिफारिशमा निजलाई प्रदेश सरकारले पदमुक्त गर्न सक्नेछ। छानबीन समितिको गठन र सुनुवाईको मौका दिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

**१३. <u>कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार</u>**: (१) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) परिषद् तथा समितिको निर्णय एंव निर्देशनहरु कार्यान्वियन गराउने ।

(ख) प्रतिष्ठानको दीर्घकालीन योजना र वार्षिक कार्यक्रम तथा बजेट समिति मार्फत परिषदमा स्वीकृतिको लागि पेश गर्ने ।

(ग) परिषद्बाट स्वीकृत प्रतिष्ठानको दीर्घकालीन योजना र वार्षिक कार्यक्रमको कार्यान्वियन गर्ने।

(घ) प्रतिष्ठानका प्रगति विवरणहरु समय समयमा समिति समक्ष प्रस्तुत गर्ने, गराउने ।

(ङ) प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमको आन्तरिक मूल्यांकन गर्ने, गराउने ।

(च) राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थाहरुसँग अनुबन्धित कार्यक्रम तथा अन्य सहयोग सम्बन्धमा सम्वन्धित पक्षसँग आवश्यक छलफल गरी समितिमा स्वीकृतिका लागि पेश गर्ने, गराउने ।

(छ) प्रतिष्ठान सम्वन्धी अन्य कार्यहरु गर्ने, गराउने ।

(२) कार्यकारी निर्देशकको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

परिच्छेद –५

## <u>कोष, हिसाव र लेखापरीक्षण</u>

**१४. <u>प्रतिष्ठानको कोष</u>**: (१) प्रतिष्ठानको आफ्नो एउटा छुटै कोष हुनेछ ।

(२) प्रतिष्ठानको कोषमा देहाय बमोजिमका रकम रहनेछन् ।

(क) नेपाल सरकार र प्रदेश सरकारवाट प्राप्त हुने अनुदान रकम ।

(ख) कुनै विदेशी सरकार र अन्तर्राष्ट्रिय संघ संस्थाहरुवाट प्राप्त हुने रकम ।

(ग) परामर्श सेवा, प्रशिक्षण एवं अनुसन्धान कार्य गरे वापत प्राप्त हुने रकम ।

(घ) अन्य कुनै स्रोतवाट प्राप्त हुने रकम ।

(३) अन्तरराष्ट्रिय संघ संस्थाहरुवाट सहयोग प्राप्त गर्दा प्रदेश सरकार मार्फत नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) कोषको सवै रकम नेपालको कुनै वाणिज्य बैंकमा जम्मा गरिनेछ ।

(५) प्रतिष्ठानको आफ्नो उद्देश्य अनुरुपको कार्य गर्नको लागि चाहिने खर्च उपदफा (१) वमोजिमको कोषवाट व्यहोरिने छ ।

१५. **हिसाव राख्ने तरीका**: प्रतिष्ठानको आम्दानी र खर्चको हिसाव महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचा र तरिका वमोजिम राखिनेछ ।

१६. **लेखापरीक्षण**: (१) प्रतिष्ठानको हिसावको लेखापरीक्षण महालेखा परिक्षकबाट हुनेछ।

(२) प्रतिष्ठानको लेखापरीक्षण सम्वन्धी अन्य कुरा तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद –६

## प्रशिक्षण पद्धति, प्रशिक्षण सामग्री एवं पाठ्यक्रम

१७. **प्रशिक्षण पद्धति निर्धारण गर्ने**: (१) प्रतिष्ठानले आफ्नो उद्देश्य प्राप्तिका लागि प्रशिक्षणको पाठ्यक्रम, पद्धति, सामग्री तथा कार्यक्रम निर्धारण गर्न समय समयमा सर्वेक्षण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गरिएको सर्वेक्षणको आधारमा प्रतिष्ठानले प्रशिक्षणको पाठ्यक्रम, पद्धति, सामग्री तथा कार्यक्रम निर्धारण गर्नेछ ।

(३) उपदफा (२) बमोजिमको पाठ्यक्रम तथा कार्यक्रम परिषदबाट स्वीकृत गराउनु पर्नेछ ।

१८. **अन्य प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन**: (१) प्रतिष्ठानले प्रदेश सरकार अन्तर्गतका अन्य निकायबाट सञ्चालित प्रशिक्षण कार्यक्रमहरुको समय समयमा मूल्यांकन गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम गरिएको मूल्यांकनको आधारमा प्रतिष्ठानले प्रशिक्षण कार्यक्रममा आवश्यकतानुसार संशोधन वा परिवर्तन गर्न परिषद् मार्फत प्रदेश सरकारलाई सुझाव दिन सक्नेछ ।

१९. **प्रशिक्षण पद्धतिः** प्रशिक्षार्थीहरुको समूह तथा विषयको प्रकृति हेरी उपयोगी एवं प्रभावकारी आधुनिक प्रशिक्षण प्रविधिहरु प्रशिक्षण कार्यक्रममा प्रयोग गरिनेछ ।

२०. **प्रशिक्षण सामग्री**: प्रतिष्ठानको प्रशिक्षण कार्यक्रमहरुको लागि प्रदेशको आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक परिप्रेक्ष्यमा मेल खाने र सैद्धान्तिक दृष्टिकोणवाट उपोयोगी हुने प्रशिक्षण सामग्रीहरुको व्यवस्था गरिनेछ ।

२१. **पाठ्यक्रमः** प्रशिक्षण कार्यक्रमलाई वढी फलदायी एवं प्रभावकारी वनाउन पाठ्यक्रममा सैद्धान्तिक एवं व्यवहारिक दुवै पक्षमा जोड दिइनेछ ।

## परिच्छेद –७

## विविध

२२. **प्रतिवेदन पेश गर्नुपर्ने**: प्रतिष्ठानले प्रत्येक वर्ष प्रतिष्ठानको क्रियाकलाप सम्वन्धी प्रतिवेदन प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

२३. **अधिकार प्रत्यायोजनः** समितिले यो ऐन वमोजिम आफूले पाएको अधिकारमध्ये सवै वा केही अधिकार प्रतिष्ठानको कार्यकारी निर्देशक वा अन्य कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ। कार्यकारी निर्देशकले ऐन नियम अन्तर्गत आफूले पाएको अधिकार मध्ये सवै वा केही अधिकार प्रतिष्ठानको उप–कार्यकारी निर्देशक वा अन्य कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२४. **प्रदेश सरकारसँग सम्पर्क:** (१) प्रतिष्ठानले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत प्रदेश सरकारसँग सम्पर्क राख्नु पर्नेछ ।

(२) प्रतिष्ठानले प्रदेश सरकारका आफ्नो कामसँग मेल खाने संस्था तथा प्रशिक्षण केन्द्रसँग आवश्यक सम्पर्क र समन्वय गर्न सक्नेछ।

२५. **नियम तथा विनियम वनाउनेः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि परिषद्ले आवश्यक नियमहरु वनाउन सक्नेछ । त्यस्तो नियम प्रदेश सरकारले स्वीकृत गरे पछि लागू हुनेछ ।

(२) प्रतिष्ठानको अन्य आवश्यक काम कारवाहीको लागि उप–दफा (१) अन्तर्गत बनेको नियमावलीको अधीनमा रही समितिले आवश्यक विनियम वनाउन सक्नेछ र त्यस्तो विनियम परिषदबाट स्वीकृत भएपछि लागू हुनेछ ।

प्रदेश सभाको सम्वत् २०७५ साल चैत ११ गते बसेको बैठकले नेपालको संविधानको धारा १९९ बमोजिम यो विधेयक पारित गरेको ब्यहोरा संविधानको धारा २०१ बमोजिम प्रमाणित गर्दछु ।

नेत्रनाथ अधिकारी
सभामुख
गण्डकी प्रदेश

मिति :२०७५।१२।११

प्रदेश सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा २०१ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु ।

मितिः

बाबु राम कुँवर
प्रदेश प्रमुख